## देवघाट गाउँपालिको गाउँ कार्यपालिकाको वैठक

**वैठक संख्याः १६-२०८२/०८३**

**मिति २०८३/०३/०५** **समय: बिहान ८:०० बजे**

**स्थान: गाउँ कार्यपालिकाको कार्यालय**

**अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा**

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुम्न कुमार खड्का | प्रमुख प्रशासकीय अधिकृत |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल - स. प्रशासकीय अधिकृत
श्री शरद ल्यौपाने - लेखा अधिकृत
श्री जीवन गुरुङ - जिन्सी
श्री कमल पौडेल - क. प्रशासन सहायक
श्री निर्मला गुरुङ, - को.प

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

**मितिः २०८३/०३/०५** **बैठक संख्याः १६-२०८२/०८३**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. आगामी आ.व २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।
३. गोलिया काठ कटान, मुछान तथा घाटगद्दी गर्ने कार्यको भुक्तानी सम्बन्धमा।
४. गोलिया काठ कटान, मुछान अन्तर्गत प्राप्त भएको काठ दाउराको लिलाम बिक्री सम्बन्धी सूचना सम्बन्धमा।
५. योजनाको भेरियसन (VO) सम्बन्धमा।
६. कोटा लिफ्टिङ सिंचाई योजनाको लागि नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी सम्बन्धमा।
७. कार्यविधि तथा आचारसंहिता स्वीकृत सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा।
९. सडक मर्मत सम्बन्धमा।
१०. विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा गत कार्यपालिका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं.२ का सम्बन्धमा ५ वटै वडाको वडा भेला, पालिका स्तरीय भेला, शाखा प्रमुखहरुको राय सुझाव लयाएतको संयुक्त प्रयासबाट तयार परिएको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम १८ औं गाउँ सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ मा गोलिया काठ कटान, मुछान तथा घाटगद्दी गर्ने कार्यको कार्य सम्पन्न भएको सम्झौताका बेलामा १८४०.७० क्यू.फिट गोलिया काठ तथा २.९७ चट्टा दाउरा रहेको र कार्य सम्पन्न पश्चात सव-डिभिजन वन कार्यालयबाट प्राप्त प्लट कटान रजिष्टर अनुसार २१३३.५६ क्यू.फिट गोलिया काठ तथा २.२५ चट्टा दाउराको परिमाण प्राप्त भएको हुँदा परिमाण तथा देवघाटधाम स:मिलले कबोल गरेको दररेटको आधारमा रु. ८,८४,४४७.३८ (अक्षरुपी आठ लाख चौरासी हजार चार सय सड्चालिस रुपैयाँ पैसा अड्तिस मात्र) (भ्याट सहित) भुक्तानि दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ मा गोलिया काठ कटान, मुछान अन्तर्गत प्राप्त भएको काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना निकाल्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. १ अन्तर्गत ठेक्का नं. DRM/NCB/Works/LI/2082/83 Construction Of Kalinadi Gopitar Kota Water Lifting Projects योजनाको लागि रु. २,२६,४८,४१८.०३ (भ्याट र पी.एस.) सहित मिति २०८२/१२/२२ गते निर्माण व्यवसायी श्री

तिल बहादुर थापा
अध्यक्ष

ADB/LAHURE KAILA JV, Suklagandaki-4, Tanahun सँग सम्झौता गरी कार्य गर्ने क्रममा BOQ मा केही आइटमहरु छुट भएको हुनाले सो आइटमहरु अति आवश्यक भएको हुँदा उक्त आइटम थप गरी ठेक्का सम्झौता रकम नबढ्ने गरी भेरियन आदेश (VO) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. १ स्थित कोटा लिफ्टिङ सिंचाई योजनाको लागि विद्युत आपूर्ति गर्नेको लागि नेपाल विद्युत प्राधिकरण, तनहुँ वितरण केन्द्रले रु. ३२,८५,७६७.४२ (अक्षरुपी बत्तीस लाख पचासी हजार सात सय सतसठ्ठी रुपैयाँ पैसा बयालीस मात्र) को लागत स्टीमेट तयार गरी पठाइएकोमा उक्त लागत अनुमान बमोजिमको रकम नेपाल विद्युत प्राधिकरण, तनहुँ वितरण केन्द्रको धरौटी खातामा जम्मा गरी प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा बालमैत्री स्थानीय शासन घोषणा अभियानलाई प्रवर्द्धन गर्नको लागि देहाय बमोजिमका कार्यविधि तथा आचारसंहिता स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) देवघाट गाउँपालिकाको बालकोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३
ख) देवघाट गाउँपालिकाको बालमैत्री आचारसंहिता, २०८३

**निर्णय नं. ८:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ निवासी मोतिमाया तामाङलाई ब्रेन ट्युमर भएकोले स्वास्थ्य उपचारको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिकाको आ.व. २०८२/०८३ मा देवघाट-५ स्थित विभिन्न नदीघाटबाट नदीजन्य पदार्थ उत्खननका लागि आय ठेक्का लगाउँदा ठेकेदारबाट नदीजन्य पदार्थ ओसार पसार गर्ने क्रममा बिग्रेका ठिमुरा-सेतीभतेरी पुलको मुख कच्ची सडक खण्डको खाल्डा खुल्डी पर्ने काम र घिनाटार-देउपुर डबली कालोपत्रे सडक खण्डको बेस लोडर रोलिङ कालोपत्रे गरी खाल्टा खुल्टी पुर्ने कार्यका लागि इस्टिमेट गरी सडक मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बनधमा देहाय बमोजिमको विविध निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) देवघाट गाउँपालिका वडा नं. ५ निवासी कृति शाहीलाई प्रदेश स्तरीय भलिबल खेलाडी अभ्यास शिक्षणका लागि पोषण बापत रु. ३०,०००/- (अक्षरुपी तिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।
ख) देवगाट गाउँपालिकाबाट सूचना प्रकाशन तथा विज्ञापन बापत पत्रिकालाई भुक्तानी गर्नुपर्ने रकम अपुग भएको हुँदा गाउँपालिकाको अन्य मिल्दोजुल्दो खर्च शीर्षकबाट रकम व्यवस्थापन गरी भुक्तानी गर्ने निर्णय गरियो ।
ग) देवघाट गाउँपालिका वडा नं. ५ स्थित त्रिशुली नदी भुवनटारघाटबाट अमानतबाट नदीजन्य पदार्थ बिक्री वितरण गर्दा राजस्व संकलन तथा टोकन नियन्त्रण कार्यको लागि विहान ६ बजे देखि बेलुका ६ बजेसम्म फिल्डमा खटिएका नगर प्रहरीहरुको लागि प्रति दिन प्रति व्यक्ति रू. ६०० को दरले हुन आउने जम्मा रकम रु. ४५,०००/- (अक्षरुपी पैतालिस हजार मात्र) फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष